ग्लोबलको काउन्टर सरस्वती क्याम्पसमा

काठमाडौं । ग्लोबल आइएमई बैंकले काठमाडौंको ठमेलस्थित सरस्वती बहुमुखी क्याम्पसमा एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ । सेवाग्राहीको बढ्दो चाप र आवश्यकतालाई मध्यनजर गर्दै बैंकले नयाँ एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको जनाएको छ । काउन्टर सञ्चालनसँगै बैंकका एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर संख्या ६७ पुगेका छन् । नयाँ एक्सटेन्सन काउन्टरबाट निक्षेप संकलन, नगद भुक्तानी, मोबाइल तथा अनलाइन बैंकिङ, रेमिट्यान्सलगायत सबै किसिमका साधारण बैंकिङ सेवा उपलब्ध हुने बैंकले जनाएको छ ।

महिला उद्यमशीलमा केयर नेपालको सहकार्य

काठमाडौं । महिला कृषि उद्यमीहरूको आर्थिक सशक्तीकरणका लागि वित्तीय सेवामा पहुँच अभिवृद्धिका लागि केयर नेपाल तथा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडले सहकार्य गर्ने भएका छन् । भूमिहीन तथा सीमान्तकृत महिला किसानको आर्थिक सशक्तीकरण गर्ने उद्देश्यका साथ केयर नेपालले नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडसँगको साझेदारीमा वित्तीय सेवामा पहुँच विस्तार गर्न नगदरहित कारोबारमा आधारित किसान कार्ड पहलको सुरुवात गरेको छ । किसान कार्ड बैंक वा वित्तीय सस्थामा पहुँच नभएका समुदाय, विशेषगरी महिला कृषि उद्यमीलाई वित्तीय सेवामा पहुँच प्रदान गर्न डिजाइन गरिएको एक विशेष वित्तीय साधन हो ।

उक्त सहकार्यले वित्तीय समावेशीकरण प्रवर्द्धन गर्ने तथा भूमिहीन र महिला किसान एवं कृषि व्यवसायसँग सम्बन्धित मूल्य शृंखलाका पात्रका लागि नगदरहित कारोबार सहज बनाउने लक्ष्य लिएको बताइएको छ । किसान कार्डले किसानलाई ऋण सुविधामा पहुँच प्रदान गराउने र कृषि क्षेत्रभित्र नगदरहित कारोबार सुव्यवस्थित गर्ने लक्ष्य लिएको छ ।

अत्याधुनिक क्युआर कोड तथा ओटिपी प्रणालीमा आधारित प्रविधि उपयोग गरी किसान कार्डमार्फत् किसानले सहज एवं सुरक्षित तवरले कृषि सामग्री, उपकरण र आवश्यक कृषि सेवा खरिदका साथै स्थानीय कृषि व्यवसायीसँग कृषि उत्पादन बिक्रीसमेत गर्न सक्नेछन् । उक्त प्रक्रियामा आर एण्ड डी इन्नोभेटिभ सोलुसन्सले प्रविधिका साथै व्यवसाय तथा वित्तीय क्षमता अभिवृद्धि र मूल्य शृंखलाको प्रभावकारी समन्वयका लागि सहजीकरण गर्नेछ भने राष्ट्रिय कृषक समूह महासंघले किसानको पहिचान, कृषि प्रसार र वित्तीय संस्थासँग समन्वय गर्ने केयर नेपालका राष्ट्रिय निर्देशक मोना शेर्पाले बताउनुभएको छ ।

केयर नेपालले उल्लेखित सरोकारवाला निकायसँगको साझेदारीमा पहिलो चरणमा नेपालका उदयपुर, सप्तरी र सिरहा जिल्लाका सीमान्तकृत समुदायका छ हजार भूमिहीन, सीमान्तकृत तथा महिला किसानलाई किसान कार्डमार्फत् वित्तीय सेवा प्रदान गर्नेछ ।

एसियन पेन्ट्स आर्किटेक्चरका विद्यार्थी पुरस्कृत

काठमाडौं । एसियन पेन्ट्स आर्किटेक्चर डिजाइन प्रतियोगिताका विजयी पुरस्कृत भएका छन् । एसियन पेन्ट्स नेपाल क्यालिडोस्कोप इन्ट्रा कलेज राउण्ड अफ एसियन पेन्ट्स आर्किटेक्चर एण्ड इन्टेरियर डिजाइन स्टुडेन्ट्स अवार्ड २०२३ को ११औं संस्करणका प्रतिस्पर्धीमध्ये उत्कृष्ट पाँच विद्यार्थीहरू पुरस्कृत भएका हुन् ।

नेपाल इञ्जिनियरिङ कलेज चाँगुनारायणमा आर्किटेक्चर विषयका चौथो वर्षका विद्यार्थीबीच सम्पन्न प्रतियोगितामा १६ जना विद्यार्थी सहभागी थिए । प्रतियोगितामा सर्वोत्कृष्ट पूजा राईले ५० हजार ट्रफी र प्रमाणपत्र प्राप्त गर्नुभएको छ भने फस्ट रनर अप स्पर्श शर्माले २५ हजार ट्रफी र प्रमाणपत्र प्राप्त गर्नुभयो । त्यसैगरी सेकेण्ड रनर अपमा अंशु प्रजापतीले १५ हजार ट्रफी र प्रमाणपत्र प्राप्त गर्नुभएको छ । सान्त्वना पुरस्कार सलिना थापा र सुवास चन्दले क्रमशः पाँच-पाँच हजार र प्रमाणपत्र प्राप्त गरेको आयोजकले जनाएको छ ।

कलेजको आर्किटेक्चर विभाग सन् २०१२ देखि एसियन पेन्ट्स नेपालसँग आबद्ध रहेको छ । प्रतियोगिताबाट छनोट भएका उत्कृष्ट पाँच विजेताले राष्ट्रियस्तरको एसियन पेन्ट्स आर्किटेक्चर डिजाइन प्रतियोगितामा अन्य विभिन्न कलेजका उत्कृष्ट पाँच आर्किटेक्चर विद्यार्थीसँग प्रतिस्पर्धा गर्ने अवसर पाउनेछन् । विजेताले भविष्यको हिरोको उपाधि पाउने बताइएको छ ।

एजेन्सी दर्ता र धरौटी व्यवस्थामा नाडाको असन्तुष्टि

हिमालय टाइम्स
काठमाडौं, ३० फागुन

नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालले एजेन्सी दर्ता दस्तुर र धरौटी रकमको नयाँ व्यवस्थाप्रति असन्तुष्टि जनाएको छ । सो सम्बन्धमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशकको ध्यानाकर्षणसमेत गराएको छ । नाडाका अध्यक्ष करण चौधरी नेतृत्वको प्रतिनिधिमण्डलले विभागका महानिर्देशक तीर्थराज चिलुवालसँग भेट गरी सरकारले फागुन २५ को राजपत्रमा प्रकाशित एजेन्सी दर्ता, दस्तुर र धरौटीसम्बन्धीका प्रावधानमा केही अस्पष्टता रहेको भन्दै ध्यानाकर्षण गराएको हो ।

नाडाका प्रथम उपाध्यक्ष आकाश गोल्छाले राजपत्रमा प्रकाशित एजेन्सी दर्ता, दस्तुर र धरौटीका सम्बन्धमा विभिन्न तीनबुँदे नीतिगत सुझावसमेत प्रस्तुत भएको छ । गोल्छाका अनुसार नियमावलीको ३ नम्बरमा एजेन्सी, दर्ता दस्तुर, धरौटी तीन प्रकारको हुने उल्लेख गरिएको छ । एजेन्सी शीर्षक दर्ता गर्दाको अवस्थामा एउटा खर्च छ भने दस्तुर र धरौटीका लागि पनि खर्च गर्नुगर्ने व्यवस्था गरिएको छ । त्यसरी तीनवटै शीर्षकमा फरक-फरक खर्च गर्दा धेरै रकम खर्च हुने देखिन्छ । एजेन्सी दर्ता दस्तुर शीर्षक फर्म वा कम्पनीको पुँजीका आधारमा व्याख्या गरिएको छ । एक हजारदेखि एक लाखमध्ये एजेन्सी नवीकरण गर्दा पनि सोही दस्तुर लाग्ने हो वा एकपटकमात्र लाग्ने हो, स्पष्ट छैन ।

एजेन्सी दर्ता दस्तुर शीर्षक फर्म वा कम्पनीको पुँजीका आधारमा व्याख्या गरिएको छ । एक हजारदेखि एक लाखमध्ये एजेन्सी नवीकरण गर्दा पनि सोही दस्तुर लाग्ने हो वा एकपटकमात्र लाग्ने हो, स्पष्ट नभएको नाडाको भनाइ छ । अर्को उपनियम (१) मा चुक्ता पुँजीको ०.५ प्रतिशत रकम धरौटी शीर्षकबापत बैंक दाखिला गर्नुपर्ने उल्लेख छ । त्यसो गर्दा नगद फ्रिज हुन जाने बताइएको छ । नाडाका अनुसार उक्त व्यवस्थाले कस्ट अफ डुइङ बिजनेस बढ्ने र कुनै कम्पनीले १० वटा एजेन्सी एउटै कम्पनीमा दर्ता गरेमा कम्पनीको ०.५ प्रतिशतले १० कम्पनीको जोडेर पाँच प्रतिशतसम्म दिनुपर्नेछ । त्यसैले उक्त नियम व्यावहारिक नभएको नाडाले जनाएको छ ।

त्यस्तै, नियम (४) को (३) नम्बर उपदफामा उपनियम (२) बमोजिम दरखास्त प्राप्त भएमा नियम (४) को उपदफा (१) बमोजिम लाग्ने रजिष्ट्रेसन दस्तुरको १० प्रतिशतका दरले हुन आउने रकमले एजेन्सी लिने र दिनेबीच सम्झौताको अधिनमा रही पाँच वर्षका लागि नवीकरण गर्नैपर्ने भनिएको छ । उपनियम (१) मा रजिष्ट्रेसन दस्तुर राखेको र उक्त १० प्रतिशत लिएर एकैपटक पाँच वर्षसम्म नवीकरण हुने हो वा पाँच वर्षको छुट्टै जोडेर लिने हो वा पाँच वर्षसम्मको १० प्रतिशतमात्र गरेर १० हजार हुने हो वा ११ हजार लिएर नवीकरण हुने हो सो प्रष्ट हुनुपर्ने नाडाले जनाएको छ ।

नाडाले उपनियम (ढ) मा उपभोक्तासँग लिने मुनाफा खण्ड (क) को बढीमा २० प्रतिशत तथा (ण) मा डिलरका लागि छुटसहितको मुनाफा (ढ) को ३० प्रतिशत भन्ने उल्लेख भएअनुसार उक्त मुनाफाको समीकरणले अधिकतम् खुद्रा मूल्यमा कारोबार गर्दा लागत खर्च उठ्न नसक्ने भन्दै सवारीसाधनको व्यवसाय र खुला अर्थतन्त्रमा के कति नाफा लियो भन्ने उल्लेख गर्नु उपयुक्त नहुने नाडाले जनाएको छ ।

नाडाका अनुसार अलग-अलग कम्पनीको अलग-अलग खर्च हुने भएकाले सामानको प्रकृतिअनुसार अलग-अलग तरिकाले बिक्री गर्नुपर्ने हुन्छ । त्यसमा धेरै कुराहरू ग्राहकलाई बुझाउनुपर्ने हुन्छ । सिधै ग्राहकलाई सवारीसाधन बिक्री गरेको खण्डमा २० प्रतिशतसम्म र डिलरबापत बिक्री गरेमा ३० प्रतिशत उल्लेख गरिएको छ । त्यस्तै, पेज नम्बर ३५ (क) को २० प्रतिशत (क) भनेको इनभ्वाइस मूल्यमा उल्लेख गरिएको छ । उक्त व्यवस्थाले व्यवसाय गरेर जीविकोपार्जन गर्न नसक्ने नाडाको दाबी छ । महानिर्देशक चिलुवालले उल्लेखित समस्या समाधानका लागि आवश्यक पहल गर्ने आश्वासन दिँदै थप गृहकार्य गरी नाडासँग छलफल गरिने बताउनुभयो । विभागले उपभोक्ता अधिकार र व्यवसायीका हितमा पनि ध्यान दिने उहाँको भनाइ थियो । छलफलमा नाडाका सचिव विक्रम सिंघानिया र सुरेन्द्र प्रधानको पनि सहभागिता रहेको थियो ।

सिद्धार्थ प्रिमियरका छजना सञ्चालक चयन

काठमाडौं । सिद्धार्थ प्रिमियर इन्स्योरेन्सको सञ्चालकमा छजना सञ्चालक चयन भएका छन् । बुधवार सम्पन्न ३०औं वार्षिक साधारणसभाबाट छजना सञ्चालक निर्विरोध निर्वाचित भएका हुन् । संस्थापक सेयरधनीबाट सुरेशलाल श्रेष्ठ, पवनकुमार अग्रवाल, राहुल अग्रवाल, राजनकृष्ण श्रेष्ठ रहेका छन् भने सर्वसाधारण सेयरधनीतर्फबाट सुमितकुमार केडिया र प्रभुकृष्ण श्रेष्ठ रहेको कम्पनीले जनाएको छ ।

साधारणसभाले गत आर्थिक वर्ष २०७९/०८० को मुनाफाबाट सेयरधनीलाई

११ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पनि पारित गरेको छ । सभामा सञ्चालक समितिका अध्यक्ष सुरेशलाल श्रेष्ठले कम्पनीको वार्षिक प्रतिवेदन तथा वित्तीय विवरण प्रस्तुत गर्नुभएको थियो ।

ढुवानी महासंघको अधिवेशन शनिबार

काठमाडौं । देशभरका ढुवानी व्यवसायीको छाता संगठन ढुवानी व्यवसायी महासंघ नेपालको छैटौं महाधिवेशन तथा १५औं वार्षिक साधारणसभा चैत ३ गते काठमाडौंमा हुने भएको छ ।

साधारणसभा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीको प्रमुख आतिथ्यतामा हुने महासंघका महासचिव अरुणकुमार श्रेष्ठले जानकारी दिनुभयो । श्रेष्ठका अनुसार महाधिवेशन तथा वार्षिक साधारणसभामा देशभरबाट तीन सयभन्दा बढी ढुवानी व्यवसायी तथा प्रतिनिधिको सहभागिता रहनेछ ।

राष्ट्र निर्माणको आधार, सुरक्षित ढुवानी समृद्ध व्यापार भन्ने नारालाई आत्मसात् गर्दै देशभरका ढुवानी व्यवसायी एकीकृत गर्ने र व्यवसायीको समस्याका साथै हकहित संरक्षण गर्ने उद्देश्यका साथ २०६५ स्थापना भएको महासंघमा हाल १८ वटा स्थानीय संस्थासमेत आबद्ध रहेका छन् ।

अधिवेशनबाट नयाँ नेतृत्व चयन गर्ने बताइएको छ । साथै साधारणसभामा ढुवानी व्यवसायी महासंघ र गण्डकी विश्वविद्यालयबीच ढुवानी क्षेत्रको सम्भावना, समस्या र समस्या समाधानका लागि अध्ययन गर्ने सम्झौतापत्रमा हस्ताक्षर पनि हुने महासंघले जनाएको छ ।

टियुको अर्थशास्त्र विभाग र सेजनबीच सहकार्य

काठमाडौं । त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभाग(टियु) र नेपाल आर्थिक पत्रकार समाज (सेजन) बीच द्विपक्षीय सहकार्यसम्बन्धी सम्झौता भएको छ ।

अर्थशास्त्र केन्द्रीय विभाग प्रमुख प्राडा शिवराज अधिकारी र सेजन अध्यक्ष सुजन ओलीले बुधबार एक कार्यक्रमबीच उक्त सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको हो ।

सम्झौताअनुसार अर्थतन्त्रसँग जोडिएका विभिन्न विषयमा संयुक्तरूपमा अध्ययन एवं अनुसन्धान, सिकाइ कार्यक्रम सञ्चालन, ज्ञानको आदान-प्रदान (नलेज एक्सचेञ्ज) का लागि दुई संस्थाले सहकार्य गर्नेछन् ।

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Water Induced Disaster Management Division
Jawalakhel, Lalitpur

Notice for Financial Proposal Opening

Date of Publication: 14th March 2024

This is to notify that, following firm(s) have qualified in the technical proposal for the contract: **DWRI/WIDMD/QCBS/EOI-01/80-81 "Impact Study of River Training Works at Various Rivers".**

1. ADMC-SEMCON-MANNINGS JV	2. e2services-GEOC-DSC JV	3. ERMC-CMS-Madi JV
4. GLOBAL-AIO-PNet JV	5. GNDA-IES-AEC JV	6. RIMC-TMS-Eco Smart JV

The Financial Proposal of the qualified firm(s) will be opened on the day, time and venue provided below. Therefore, we would like to invite all the qualified consulting firm(s) to send their authorized representative for opening of the financial proposal as per Instructions to Consultants (ITC) 23.

Date: 21st March 2024
Time: 1:00 P.M.
Venue: DWRI, Jawalakhel-Lalitpur, Room no. 424

Province Government
Bagamati Province
Water Resources and Irrigation Development Division
Sindhuli

Invitation for Bids

1st Date of publication: 14th March, 2024 (Chaitra 1, 2080 BS)

1. **Water Resources and Irrigation Development Division, Sindhuli** invites electronic bids from Nepalese eligible bidders for the construction of projects listed below.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents by visiting PPMO website **www.bolpatra.gov.np/egp**.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,.Bidders, submitting their bid electronically, should deposit the costRs 3000.0 of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : Rashtriya Banijya Bank, Sindhuli
   Name of Office : Water Resources and Irrigation Development Division, Sindhuli
   Office Code no. : 3130125013 **Office Account no.:** 1000100200010000
   Rajaswa (revenue) Shirshak no. : 14229
4. Bids must be submitted through PPMO website **www.bolpatra.gov.np/egp** before **12:00 hour on 14th April, 2024**. Bids received after this deadline will be rejected.
5. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

S. N.	Invitation for Bid No	Estimated Amount (NRs, inclusive VAT)	Bid Security Amt (NRs)
1	WRIDD-SINDH-CNNSRTP- NCB-01/080-81	3,862,788.0	97000.0
2	WRIDD-SINDH-CRTP- NCB-02/080-81	3,861,492.0	97000.0
3	WRIDD-SINDH-KRTP- NCB-03/080-81	5,795,750.0	150000.0
4	WRIDD-SINDH-ABBKRTP- NCB-04/080-81	2,908,013.0	75000.0
5	WRIDD-SINDH-MRTP- NCB-05/080-81	2,906,888.0	75000.0
6	WRIDD-SINDH-BKRTP- NCB-06/080-81	3,858,132.0	97000.0

Division Chief

Bandipur Rural Municipality
Office of Rural Municipal Executive
Bandipur, Tanahun

Invitation For Bids

Notice No : 03/BRM/2080-081
Date of Publication: 14-03-2024 (2080-12-01)

1. Bandipur Rural Municipality, Office of Rural Municipal Executive, Bandipur invites open competitive electronics bidding from eligible bidders for the following works under National Competitive Bidding Procedures.

S.N	IFB No:	Description of Works	Bid Document Fee (NRs)	Bid Security Amount (NRs)	Estimated Amount (Without VAT & Contingencies) NRs	Bid Security Validity Period (Days from the date of Bid Opening)	Remarks
1.	BRM/NCB/WORKS/ 07/2080-081	Construction of Stone Trail Works From Bandipur to Siddha Gupha	3000.00	1,35,000.00	48,30,775.14	120 Days	
2.	BRM/NCB/WORKS/ 08/2080-081	Construction of Gaunpakho Water Supply Project	3000.00	1,25,000.0	44,49,638.76	120 Days	

2. Date of Pre-bid meeting, Submission & Opening of Bids.

Pre-bid meeting.	Last Date of Submission of Bids	Date of Opening of Bids	Employer's Bank Account Details for Purchasing Bid Document.	Employers Bank Account Details to Deposit Cash for Bid Security
Date: 02-04-2024 (2080-12-20) Time: 13:00 Venue: Bandipur Rural Municipality, Office of Rural Municipal Executive, Bandipur	Date :14-04-2024 (2081-01-02) Time: 12:00	Date: 14-04-2024 (2081-01-02) Time: 13:00 Venue: Bandipur Rural Municipality, Office of Rural Municipal Executive, Bandipur	NIC Asia Bank Ltd, Dumre Office Name: Bandipur Rural Municipality Office Code No: 8010143810 Revenue Account No:1464150026912002 Account Name: Sthaniya Taha Rajaswo Khata-Bandipur Gaa.Paa Revenue Code No:14229 Revenue Head: Tender Form	NIC Asia Bank Ltd, Dumre Account Name: Sthaniya Taha Dharauti Khata-Bandipur Gaa.Paa Deposit Account No: 1462050026912010

3. Eligible Bidders are advised to visit PPMO's website www.bolpatra.gov.np/egp, for further details or contact Bandipur Rural Municipality, Office of Rural Municipal executive, Bandipur.
4. A Complete Set of Bidding Document can be downloaded from the PPMO's website www.bolpatra.gov.np/egp , and bidders shall submit their bid electronically only.
5. If the last date of bid submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Matters not covered by this notice shall be in according with Public Procurement Act, 2063 and Public Protection Regulation 2064 and other prevailing Rules and Regulations.

Chief Administrative Officer

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : मेधिनी प्रिन्टिङ एण्ड डिष्ट्रिब्यूटर्स प्रा. लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल